जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका–६, सिरहा
फोन नं.: ०३३–५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः ११, अंकः १८६ पृष्ठः ४ | २०८१ मंसिर ०५ गते बुधबार (Wednesday 20 Nov. 2024) | मूल्य रु. ५।– | इमेल : mgnd2070@gmail.com

## कसले नाप्ने सामुदायिक विद्यालयको गुणस्तर?



सिरहा, ४ मसिर। पारिवारिक अवस्थाको विश्लेषण गरेर आत्मनिर्भर हुँदै भविष्य निर्माण गर्ने क्षमता राख्ने विद्यार्थी उत्पादन गर्ने सामुदायिक शैक्षिक संस्थाको गुणस्तर कसरी कमजोर ? माध्यमिक शिक्षा परीक्षा र कक्षा १२ को बोर्ड परीक्षाको नतिजा प्रकाशन भएपछि मात्रै शिक्षाविद्, शिक्षा मन्त्रालय, शिक्षा पत्रकार समूह, अभिभावक र सर्वसाधारणले बहसको सुरुवात गर्छन्। अघिल्लो सालको तुलनामा नतिजामा सुधार देखिए शिक्षा मन्त्रालय र आबद्ध निकायले यसको श्रेय लिन्छन्।

नतिजा खस्किए ९५ प्रतिशत दोष शिक्षकमाथि लगाइन्छ। नतिजा बिग्रनुका कारण खोजिँदैन। नतिजा विश्लेषण र शिक्षकलाई दोष दिनु अगाडि विद्यालय शिक्षाको वर्तमान अवस्थालाई ध्यान दिनु जरुरी हुन्छ। उचित शिक्षण सिकाइका लागि शिक्षकलाई तलबको व्यवस्था गरेर मात्र हुँदैन। एउटा शिक्षकले लेखापालको, प्राथमिक उपचारकको, सुरक्षा गार्डको, बगैंचा मालीको, सहयोगी कर्मचारीको, शिक्षकको, प्रशासकको र अभिभावकसँगको सम्बन्ध संवाहकको भूमिका निर्वाह गर्नुपर्दा शिक्षण सिकाइमा असर पर्छ। अर्को त शिक्षकले श्रमको पारिश्रमिक अर्थात् तलब छिटोमा तीन महिनापछि प्राप्त गर्छन्।

समयमा पारिश्रमिक नदिएर ऋण र ब्याजको भारी बोक्न र बेलाबखत त्यसैका कारण अपमानित हुन बाध्य हुनुपर्ने यथार्थ सामुदायिक विद्यालयका शिक्षकले भोगिरहेको वास्तविकता हो। शिक्षकका लागि न सेवाकालीन अध्ययन सुविधा छ, न भ्रमण व्यवस्था। शिक्षक मेसिन होइन। ऊ विचार, सिर्जनात्मक क्षमता, भावनात्मक प्रतिबद्धता भएको जिम्मेवार मानिस हो। उसको सिर्जना शक्तिमा ह्रास आउने, भावनामा चोट पुग्ने, उत्साह र उमंगमा क्षति पुग्ने अवस्थाले कसरी उत्कृष्ट शिक्षण गर्न सक्ला ?

बौद्धिक व्यक्तिहरू विदेशका शिक्षा प्रणालीबारे चर्चा गर्छन्, बुद्धिविलासमा रमाउँछन्। तर त्यहाँको भूगोल, संस्कृति, परम्परा, राजनीतिक पद्धति र शिक्षानीति एवं राष्ट्रको आवश्यकता, पाठ्यक्रमको निर्माण, शिक्षक छनोट प्रक्रिया, सुविधा गुणस्तरको मापनका बारेमा सानो बहससमेत गर्न चाहँदैनन्। हामीकहाँ शिक्षा प्राप्त गर्ने दुई प्रकारका थलो छन् हुने खानेका लागि निजी शैक्षिक संस्था र हुँदा खानेका लागि सामुदायिक शैक्षिक संस्था। अनि तुलने गर्न नमिल्ने संस्थाबीच गुणस्तरको तुलना गरेर

**–बाँकी तीन पेजमा**

## सशस्त्र प्रहरीका असई हत्या आरोपमा क्याम्पसका अध्यक्ष पक्राउ

महोत्तरी, ४ मंसिर। सशस्त्र प्रहरीका असई थमन विकको हत्या आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ। हत्या आरोपमा फरार रहँदै आएका जलेश्वरस्थित रामानन्द विश्वेश्वर महेन्द्र क्याम्पसका अध्यक्ष देवेन्द्र चौधरीलाई प्रहरीले पक्राउ गरेको हो। फरार सूचीमा रहेका अध्यक्ष चौधरीलाई सोमबार पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायब उपरीक्षक एवम् प्रवक्ता सन्तुलालप्रसाद जैसवारले जानकारी दिए।

उनका अनुसार सोमबार आकस्मिक बिदा परेका कारण मङ्गलबार अदालतमा पेश गरेर म्याद थप गरिएको छ। सोमबार क्याम्पसमा बैठक चलिरहेको बेला सादा पोशाकमा गएका प्रहरीले चौधरीलाई पक्राउ गरिएको क्याम्पस प्रमुख अजयकुमार झाले जानकारी दिए। पक्राउ परेका अध्यक्ष चौधरीको हकमा असई थमन विक हत्या र विभिन्न प्रहरी चौकीहरुमा आगजनीको मुद्दा मुल्तवीमा राखिएको छ। जिल्ला अदालत महोत्तरीले २०८० मङ्सिर २८ गते फैसला गर्दै तराई मधेश आन्दोलनको क्रममा हत्या गरिएको सशस्त्र प्रहरीका असई विकको हत्या घटनामा दुई जनालाई सफाइ र सात जनालाई जन्मकैदको सजाय सुनाइएको थियो।

तत्कालीन महोत्तरी जिल्ला अदालतका न्यायाधीश उद्धवप्रसाद भट्टराईको इजलासले महोत्तरी क्षेत्र नं.१ बाट निर्वाचित भएका एमालेका सांसद लक्ष्मी महतो कोइरी र थमन विकको हत्या आरोपमा पक्राउ परी पाँच वर्षदेखि कारागारमा रहेका पवन कापरलाई सफाइ दिएका थिए। साथै लोकतान्त्रिक समाजवादी पार्टी नेपालको मधेश प्रदेशका संसदीय दलका नेता तथा पूर्व सामाजिक विकास राज्यमन्त्री अभिराम शर्मासहित सातजनालाई जन्मकैदको सजाय सुनाइएको थियो।

विक हत्याको आरोपमा धरौटीमा रिहा भएका मोहन ठाकुर, जलेश्वर नगरपालिकाका पूर्व नगरप्रमुख रामशङ्कर मिश्र, लोसपाका महासचिव सुरेश पाण्डेय तथा धर्मेन्द्र रायलाई जन्मकैदको फैसला भएको थियो भने हत्याको आरोपमा कारागारमा रहेका प्रदीप साह र सञ्जयकुमार साहलाई जन्मकैदको फैसला भएको थियो।

## असई विक हत्याका अर्को आरोपी देवेन्द्र चौधरी ९ वर्षपछि पक्राउ

**सुरेन्द्र यादव**

जनकपुरधाम, ४ मंसिर। मधेस आन्दोलनको क्रममा मारिएका सशस्त्र प्रहरीका असई थमन विकको हत्यामा संलग्न रहेको आरोपमा देवेन्द्र चौधरीलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला अदालत महोत्तरीमा मुद्दा दर्ता भएपछि फरार रहेका चौधरीलाई प्रहरीले सोमबार जलेश्वर नगरपालिका–१ स्थित रामानन्द विश्वेश्वर महेन्द्र (राविम) क्याम्पस परिसरबाटै पक्राउ गरेको हो। क्याम्पसको बैठकबाट उनलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता डिएसपी सन्तुलालप्रसाद जयसवारले जानकारी दिए।

**–बाँकी तीन पेजमा**

**लैङ्गिक हिंसाबाट सचेत बनौं**

**शारीरिक हिंसाः**
- कुटपिट गर्ने, जीउ पोल्ने, डाम्ने, कुरुप पार्ने, घरबाट निकाला गर्ने,

**मानसिक हिंसाः**
- गाली गलौज गर्ने, अपमानित गर्ने, डर धम्की र त्रासपूर्ण व्यवहार गर्ने, झुठा आरोप लगाउने, मानसिक र भावनात्मक चोट पुर्‍याउने,

**यौनजन्य हिंसाः**
- यौन दुर्व्यवहार गर्ने, यौन शोषण गर्ने, जबरजस्ती करणी गर्ने, देहब्यापारमा लगाउने, यस्ता कार्य लैङ्गिक हिंसाका घटना हुन्, यस्ता घटना बिरूद्ध सचेत होऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**




**CITY TRADE CONCERN**
Hero Showroom Lahan-3,
Global Bank को तल, पूर्व बस स्टेण्ड
Contact No. 033-565201, 565202, 9852831698




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 9801591693 | 9819784901

# सम्पादकीय

## नेताको सनकमा सांसदको पद धरापमा

नेपालमा सरकार बनाउन र भत्काउन मात्र होइन सामान्य संसदीय अभ्यासमा पनि राजनीतिक दलका शीर्ष नेताहरू निर्णायक बन्ने गरेका छन्। सार्वभौम जनताका प्रतिनिधि सांसदहरू भने 'बुख्याँचा'को भूमिकामा सीमित देखिन्छन्। संसदीय लोकतन्त्रमा निर्वाचित जनप्रतिनिधिको भूमिका निर्णायक हुनुपर्ने हो। संसारका अरू देशमा सांसदहरू नेपालमा जस्तै नेताप्रतिमात्र उत्तरदायी र आश्रित हुँदैनन्। शीर्ष नेतासँग राय बझाएर पनि सांसदहरू दलभित्र सक्रिय भूमिकामा रहिरहेका देखिन्छन्।

जनमत पार्टीले सांसद गोमा लाभलाई हटाउन सभामुखलाई लेखेको पत्रअनुसार उनलाई सांसद पदबाट हटाउने तयारी गरिएको समाचार सार्वजनिक भएको छ। सभामुखले सांसदलाई हटाउन ढिलो गरेको भन्दै जनमत पार्टीका नेताले छिटो पद मुक्त गर्न दबाब दिँदै आएका छन्। नेपालको संविधान, २०७२ को धारा ८९ को (ङ)मा 'जुन दलको उमेदवार भई सदस्य निर्वाचित भएको हो त्यस्तो दलले संघीय कानुनबमोजिम निजले दल त्याग गरेको कुरा सूचित गरेमा' पदमुक्त हुने उल्लेख गरिएको छ। कानुनबमोजिम दलले सूचित गरेमा सभामुखले सूचना टाँस गरेर सांसदलाई पदमुक्त गर्न गरिन्छ।

सांसदले स्वेच्छाले दल त्याग गरेमात्र पदबाट मुक्त हुने संविधानको मनसाय भएकोमा कानुन बनाउने क्रममा दलको नेता निरङ्कुश हुने बाटो खोलेको देखिन्छ। राजनीतिक दल सम्बन्धी ऐनको दफा ३४ मा भने '... दलको सदस्यले यस ऐनबमोजिम दल त्याग गरेमा वा निजलाई दलबाट निष्कासन गरिएमा' भन्ने उल्लेख गरिएको छ। ऐनको यस प्रावधानले सांसदहरूलाई नेताको इच्छाविपरीत राष्ट्रकै हितमा पनि विवेक प्रयोग गर्न रोकेको छ। संविधानको मनसाय भने त्यस्तो देखिँदैन। यसैले सांसदलाई पदमुक्त गर्नुपूर्व सभामुखले संवैधानिक प्रावधानका साथै संसदीय लोकतन्त्रको मर्यादाको पनि मनन गर्नु उचित हुन्छ।

एउटा पत्र लेखेर सांसदको पदै समाप्त पार्ने 'अधिकार' भएका दलका नेताहरूले नैतिक वैधता भने सधैँ नै प्रश्नकै घेरामा रहने गरेको छ। नेपालका राजनीतिक दलहरूमा आन्तरिक लोकतन्त्र शून्य बराबर छ। त्यस्ता दलले निर्वाचित सांसदलाई पदबाटै हटाउन सक्ने व्यवस्था निरङ्कुश विडम्बना हो। संसदीय पद्धति भएका अरू मुलुकमा पनि पार्टीको औपचारिक र आधिकारिक निर्देश पालना नगरेमा सांसदको पद जाने व्यवस्था छ। मूलतः संसद्को कामकारबाहीमा पार्टीको निर्देश (ह्विप) उल्ल न गरेमात्र सांसदमाथि पदै जानेगरी कारबाही गरिन्छ। त्यसरी रिक्त पदमा पार्टीले अर्को सांसद भर्ती गर्दैन। त्यस्तो रिक्त पद निर्वाचनबाट पूर्ति गरिन्छ।

नेपालमा समानुपातिकबाट निर्वाचित सांसदका हकमा पद रिक्त भएमा दलले बन्दसूचीका अर्को उमेदवारलाई सांसद बनाउन सिफारिस गर्ने व्यवस्था छ। सम्भवतः यस प्रावधानले पनि दलका नेताहरूलाई सांसद पद पजनी गर्ने निरङ्कुश रहर जगाउने गरेको हुनसक्छ। गोमा लाभका हकमा सभामुखले कारबाही गर्ने वा नगर्ने जे निर्णय गरे पनि पारदर्शी र उत्तरदायी हुनु जरुरी छ। संसदीय अभ्यासमा परम्परा बस्ने हुनाले पनि यो निर्णयको दूरगामी प्रभाव पर्नेछ। साथै, सांसदहरूलाई नेताको सनकको बन्दी हुनबाट जोगाउन राजनीतिक दलसम्बन्धी ऐनमा 'दलबाट निष्कासन' गर्ने वाक्यांश हटाउने वा स्पष्ट पार्नु पनि आवश्यक छ।

लोकतन्त्रलाई उपहासको विषय बन्न नदिन नेताको निरङ्कुशतामा चलेका राजनीतिक दलहरूमा आन्तरिक लोकतन्त्र सुनिश्चित नगरी सांसदको पद पजनी गर्न दिने व्यवस्था हटाउनु जरुरी छ। दलले कारबाही गरेर हटाएको समानुपातिक सांसदको रिक्त पद दलकै सिफारिसमा पूर्ति गर्ने व्यवस्थामात्रै भए पनि हटाएमा नेताको निरङ्कुशतामा केही अङ्कुश लाग्नेछ कि ?




# यौन शोषणको उजुरी दिने महिलाविरुद्ध कृष्णमान प्रधानको गाली बेइज्जती मुद्दा

काठमाडौं, ४ मंसिर। निर्वाचन आयुक्तमा संसदीय सुनुवाइ समितिबाट अस्वीकृत कृष्णमान प्रधानले आफूविरुद्ध यौनशोषणको उजुरी दिने महिलाविरुद्ध गाली बेइज्जती मुद्दा दायर गरेका छन्। आफू र उजुरीकर्ताबीच कतै उजुरबाजुर नगर्ने भनी मिलापत्र भइसकेको अवस्थामा संसदीय सुनुवाइ समितिमा उजुरी दिएर आफ्नो इज्जत र प्रतिष्ठामा आँच पुऱ्याएको भन्दै प्रधानले उजुरीकर्ता विरुद्ध जिल्ला अदालतमा मुद्दा दायर गरेका हुन्। नेपाल कानुन समाजका कार्यकारी निर्देशक रहेका प्रधानलाई १९ असार २०८१ को संवैधानिक परिषदको बैठकले निर्वाचन आयुक्तमा सिफारिस गरेको थियो।

तर उनको संसदीय सुनुवाइका क्रममा उनकै कार्यालयमा कार्यरत एक महिलाले आफूमाथि कृष्णमानले यौनशोषण गरेको र मिलापत्रमार्फत मुद्दा फिर्ता भएको भनी उनको 'उच्च नैतिक चरित्र' मा प्रश्न उठाएकी थिइन्। सुनुवाइ समितिले नाम अनुमोदन नगर्ने अनौपचारिक सन्देश दिएपछि कृष्णमानले निर्णय हुनुभन्दा केही घण्टाअघि निर्वाचन आयुक्तबाट नाम फिर्ता लिएका थिए। पछि संसदीय सुनुवाइ समितिले आफैं नाम फिर्ता लिएको भन्दै उनको नाम अस्वीकृत गरेको थियो। नाम अस्वीकृत भएको दुई महिनापछि असोज दोस्रो साता प्रधान उजुरीकर्ताविरुद्ध मुद्दा लिएर अदालत गएका हुन्।

यौन शोषणको मुद्दा हालेपछि आफूविरुद्ध कुनै दुर्व्यवहार भएको छैन भन्दै उजुरीकर्ताले नै जिल्ला अदालत काठमाडौंमा चलेको मुद्दा फिर्ता लिएको र त्यसले आफ्नो निर्दोषिता पुष्टि गरेको प्रधानको जिकिर छ। मुद्दा फिर्ता लिएको तथ्यलाई अनदेखा गरी पछि समितिमा उजुरी दिएर आफूविरुद्ध दुष्प्रचार भएको र त्यस्तो काम गाली बेइज्जती हुने प्रधानको दाबी छ। आफूले उम्मेदवारी कायम राख्न नचाहेको अवस्थामा संसदीय सुनुवाइ समितिले नाम अस्वीकृत गर्ने निर्णय गरेकामा पनि प्रधानले प्रश्न उठाएका छन्। जिल्ला अदालत काठमाडौंमा दायर फिरादपत्रमा भनेका छन्, 'यस त्रुटिपूर्ण निर्णय सच्याउन संसदीय सुनुवाइ समिति समक्ष छुट्टै निवेदन दिने छु।'

आफूलाई चिन्ने व्यक्ति, समाजले हेर्ने दृष्टिकोणमा नकारात्मक बदलाब आएको भन्दै उनले उजुरीकर्ताको कारण आफूले बदनियतपूर्ण बेइज्जती भोग्नुपरेको दाबी गरेका छन्। फिरादपत्रमा उनले लेखेका छन्, 'म उपर विपक्षीले झुट्टा तथा अनर्गल आरोप लगाई उजुर गरी मेरो गाली बेइज्जती गर्नु भएको स्पष्ट छ।' उनले आफूमाथिको गालीबेइज्जतीको क्षतिपूर्ति स्वरुप उजुरीकर्ताबाट १० करोड रुपैयाँ क्षतिपूर्ति र मुद्दामामिला गर्दा लागेको ५ लाख रुपैयाँको खर्च भराउन समेत माग गरेका छन्। आफू र भाइ गणेशमान प्रधानले उजुरीकर्तालाई एक करोड २५ लाख रुपैयाँ सापटी दिएको भन्दै उनले त्यो फिर्ता गराउने कानुनी हक बाकी रहेको पनि निवेदनमा लेखेका छन्।

उनले जिल्ला अदालतमा फिरादपत्रका साथमा यसअघि नै मिलापत्रबाट टुंगिएका दुई मुद्दा पेश गरेका छन्। सूचनाको हक प्रयोग गरेर माग्दासमेत संसदीय सुनुवाइ समितिबाट उजुरीपत्रको प्रतिलिपी नपाएको भन्दै प्रधानले अदालतबाटै ती कागजात झिकाउन माग गरेका थिए।

**उजुरीकर्ताले के दिइन् जवाफ ?**

असोजको दोस्रो साता दायर भएको मुद्दामा विपक्षी बनाइएकी उजुरीकर्ताले मुद्दाको म्याद बुझेर अदालतमा लिखित प्रतिवाद समेत गरिसकेकी छन्। उजुरीकर्ताले आफूले संसदीय सुनुवाइ विशेष समितिमा पेश गरेको उजुरी गलत प्रमाणित गर्न प्रधान चुकेको दाबी गरेकी छन्। उनले प्रतिउत्तरमा भनेकी छन्, 'मेरा उजुरी झुटा हुन् भने प्रधानले आफ्नो प्रमाणसहित खण्डन गरी त्यसलाई झुट्टा सावित गरेको भए हुने थियो।'

आफूविरुद्ध कृष्णमान प्रधानले यसअघि समेत गाली बेइज्जतीको मुद्दा हालेको र फिर्ता लिइसकेको त्यो मुद्दा दोहोऱ्याउन नमिल्ने भन्दै उनले 'एउटै विषयमा दुईपटक मुद्दा चलाउन नमिल्ने कानूनको सिद्धान्तको उल्लंघन भएको' जिकिर गरेकी छन्। संविधानको धारा १०३ मा संसदीय काम कारबाहीका विषयमा कतै उजुरबाजुर गर्न नपाउने गरी सांसदहरुलाई विशेष संरक्षणको व्यवस्था छ। संसदीय कारबाहीका सिलसिलामा त्यहाँ पुग्ने अरु व्यक्तिलाई पनि त्यही खालको संरक्षण हुने भन्दै उनले संसदीय सुनुवाइ समितिमा दिएको उजुरीका आधारमा गाली बेइज्जतीको आरोप आकर्षित हुन नसक्ने जिकिर गरेकी छन्। 'संसदमा दिएका उजुरी, निवेदन, प्रस्ताव तथा त्यसका बिषयमा गरेका छलफलका बिषयवारे अदालतमा मुद्दा दर्ता गर्न मिल्दैन' उनले अदालतमा पेश गरेको लिखित प्रतिवादमा भनेकी छन्, 'संसदीय सुनुवाइ समितिमा दिएको उजुरीका बिषयमा यस अदालत तथा कुनै पनि अदालतमा मुद्दा दर्ता गर्न पाउने नै होइन।' कृष्णमान प्रधानमा उच्च नैतिकता नरहेको र त्यसैले उनी पदका लागि अयोग्य छन् भनेर आफूले उजुरी गरेको भन्दै उजुरीकर्ताले एक सर्वसाधारण नेपाली नागरिकका हैसियतले आफूलाई त्यो हक रहेको जिकिर गरेकी छन्।

'यौन शोषणका सम्बन्धमा सजाय नगराउँदैमा यौन दुर्व्यवहार मुद्दामा मिलापत्र गर्दैमा मलाई अन्याय भएको कुरा प्रकट गर्न नपाउने भन्ने होइन' उनले जवाफमा भनेकी छन्, 'मैले सार्वभौम सांसदहरुको समितिमा गोप्य रुपमा उजुरी गरेको मात्र हो। उम्मेदवारी फिर्ता लिएकाले विपक्षी(कृष्णमान) उक्त पदका लागि अयोग्य रहेको र मैले दिएको उजुरी सत्य नै रहेको कुरा पुष्टि गर्दछ।'

# महोत्तरीमा कृषि मजदुर अभाव

महोत्तरी, ४ मंसिर। यहाँका किसानलाई अहिले कामको भ्याइनभ्याइ छ। मुख्यबाली धान काट्ने, निहिनमा सुकाउने, मुठा पार्ने, दाइँ गर्ने र थन्क्याउने चटारो छ। मुखको बाली धान थन्क्याउने चटारोबीच नै अहिले नै अर्को मुख्यबाली गहुँ र चना, मुसुरासहितका दलहन बाली लगाउने बेला छ। यस्तै आलु र उखु रोप्ने धमाधमले किसान व्यस्त छन्। यसैबेला खेती मजदुर नपाइँदा खेतीपातीका काममा किसानलाई धौधौ परेको छ।

अगौटे धान कतिले काटेर चुट्ने तथा दाइँ गर्ने सकेका छन्। कतै काटेको धान निहिनमा सुक्दैछ। अलि पछौटे धान खेतमा पहेँलपुर बालामा झुलिरहेको छ। अब काट्ने सुरसार हुँदैछ। धान काटेर खाली भएको खेत खनजोत गरेर हिउँदे बाली लगाउने तयारीको बेला छ। तर अहिले आफ्ना वरपर जन (मजदुर) नपाइँदा कुनै काम सोचे जसरी समयमा सक्न नपाएको किसान बताउँछन्।

यसपालि अनुकूल वर्षाले धान राम्रो फल्दा यहाँका किसानको अनुहार उज्यालो छ। "धान राम्रो फलेको छ, मौसमले साथ दिएकै हो", भङ्गाहा-४ रामनगरका ८० वर्षीय किसान दीपबहादुर फुयाँल भन्नुहुन्छ, "तर पहेँलपुर पाकेको धान काट्न भनेको बेला जन पाइदैनन्, धानको बाला झुरिएर बग्रेल्ती भुइँमा झर्न थालेको छ।" अहिले पाकेको धान थन्क्याउने र हिउँदेबाली लगाउने समयमा जन नपाउँदा सास्ती पाइएको उहाँ बताउनुहुन्छ।

धान काटेर खाली भएको खेत हिउँदे बाली लगाउन खनजोत गर्न अहिले किसानलाई धमाधम छ। अगौटे धान लगाएका किसान अब लगालगी गहुँ, चना, मुसुरो छर्ने, आलु र उखु रोप्ने कामले छोपेको बताउँछन्। यस्तै अतिरिक्त जनको आवश्यकता पर्ने बेला मान्छे नपाएपछि खेतीपातीका कामले दिक्क लगाउने गौशाला-१२ का किसान योगेन्द्र महतोको गुनासो छ।

जिल्लाका गाउँनगर बस्तीमा खेतीपातीका काम जान्ने कृषि जनशक्ति कामकै लागि भारतका पञ्जाव र हरियाणा गएपछि यहाँ जनको अभाव भएको हो। खेतीपातीका काममा पोख्त मानिने मुसहर, बाँतर जाति समुदायका काम गर्नसक्ने उमेरदारी जति सबै पञ्जाव र हरियाणा गएका छन्। यो समुदायको बसोबासका बस्ती पस्दा अचेल हिँडडुल गर्न नसक्ने बूढाबूढी, महिला र स-साना बालबालिकामात्र भेटिन्छन्। खेतीपातीका काम आफ्नै ठाउँमा पाइए पनि यहाँ पाइने पारिश्रमिकले घरपरिवार धान्न नसक्ने भएपछि १५-१९ वर्षका युवा भारत जाने गरेका भङ्गाहा-५ कर्पुरगञ्जको बतराही बस्तीका रामजुलुम बाँतर बताउनुहुन्छ।

कृषि क्षेत्रका काममा पोख्त मानिने यी समुदायका किशोर र युवा भारततिर छन्। साहुले एकाध लाख ऋण पत्याउने साना किसान परिवारका युवा खाडीमा छन्। उर्वर उमेरका युवा कमाउन नै विदेश गएपछि यहाँ खेतीपाती गर्ने घट्दै गएका छन्। तीन दशक पहिलेसम्म तीन हल गोरु पालेर धुँडा धसेर आठ-दश बिघा खेती गर्ने किसान अब जग्गा बेचेर सहर बस्न थालेका छन्।

"काम गर्ने जन नपाएपछि जग्गा बाँझो रहेको कति हेर्नु रु छोराछोरी पढ्ने भनेर विदेशतिर लागे, आफू काम गर्न सक्न छाडियो, भएको अलिअलि जग्गा बरबटैया दिएर घर थन्किएका छौं", बर्दिबास-९ पशुपनिगर बनरभुल्लाका बच्चुलाल महतो भन्नुहुन्छ। पछिल्लो दशक महतोजस्ताको संख्या यहाँका बस्तीबस्तीमा बढ्दै छ।

यहाँको कृषि जनशक्ति विदेशिने क्रम नरोकिए अब केही वर्षपछि जतातत्तै पर्ति जग्गा देखिने बर्दिबास-६ कृष्णपुरका ५५ वर्षीय किसान विनोद ठाकुर बताउनुहुन्छ। जिल्लामा ७० हजार हेक्टर कृषियोग्य जग्गा रहेको कृषि ज्ञान केन्द्र महोत्तरी कार्यालयको तथ्याङ्क छ। बर्सेनि खेतीपातीमा अनुकूल नहुँदा आठ-दश हजार हेक्टरमा किसानले पालो बाली लगाउन पाउँदैनन्। उखु, रहरीसहितका बाली वर्षभरि लाग्ने भए पनि धेरैजसो जग्गा दुई-तीन बाली लगाउन मिल्ने छन्। तर खासमा जनशक्तिकै अभावले एउटा बालीपछिको अर्को बाली लगाउने काम घट्दै गएको जिल्लामा खेतीपातीमा कहलिएका किसान गुनासो गर्छन्।

खेतीपाती गर्न बीउ, मलखाद समयमा नपाइने, सिँचाइको प्रबन्ध नहुनु, किसानले चाहिएको बेला सजिलोसँग दुई-चार पैसा ऋण नपाउने भएपछि जाँगर मार्न थालेका छन्। अझ पछिपछि त जनसमेत पाउन छाडिएपछि अब खेती धान्न सकिने अवस्था नरहेको औरही-७ भोइलका ७० वर्षीय मोहन महतोको गुनासो छ।

यो अवस्था चिर्न तीनै तहका सरकारले सर्वसाधारण किसानलाई उत्प्रेरित गर्न बीउ, मलखाद, प्राविधिक सल्लाह र सुलभ खेती ऋणसँगै भारत जाने श्रमिकलाई यहीँ काम र दामको आकर्षण दिनसकेमात्र खेती चल्नसक्ने गौशाला-११ का ७५ वर्षीय किसान लक्ष्मीप्रसाद महतो बताउनुहुन्छ।

# सिके राउतलाई सांसद सापकोटाको चुनौती–आरोप प्रमाणित गर्नुस्

काठमाडौं, ४ मंसिर। गोमा लाभ (सापकोटा) जनमत पार्टीकी समानुपातिक सांसद हुन्। पार्टी फुटाउने गतिविधि गरेको आरोपमा उनलाई जनमत पार्टीले सांसद पदबाट हटाउन पटक–पटक प्रयास गरेको छ। पार्टीले अनुशासनको कारबाही गरेकाले सभामुखले पनि सूचना टाँस गरेर पदबाट हटाइएको जानकारी दिनुपर्ने माग जनमतको छ। यही मागसहित जनमत पार्टीले पहिलो पटक २७ फागुन २०८०, दोस्रोपटक १ चैत २०८०, तेस्रोपटक २७ भदौ २०८१ मा सभामुख समक्ष निवेदन दिएको थियो। तीनैपटक सभामुखले कारबाहीको निर्णय नगरेपछि चौथोपटक कात्तिक २७ गते पनि जनमतले संसद सचिवालयमा निवेदन दिएको छ।

तर सांसद सापकोटाले भने यसबारे सार्वजनिक रुपमा आफ्नो धारणा सार्वजनिक गरेकी छैनन्। अनलाइनखबरले प्रतिक्रिया माग्दा सांसद सापकोटाले विनाकारण आफूलाई सांसदबाट हटाउने प्रयास गरिएको गुनासो गरिन्। आफूले पार्टीको अहित हुने गरी कुनै पनि काम गरेको भन्दै सापकोटाले आफूलाई हटाउन खोज्नुको कारण नबुझेको बताइन्। यदि आरोप प्रमाणित भए कारबाही भोग्न तयार रहेको पनि उनले बताइन्।

**सांसद सापकोटासँग संचारकर्मीले लिएको प्रतिक्रिया :**

**तपाईंलाई पार्टीले सांसद पदबाट पटक–पटक हटाउने प्रयास किन गरेको हो ?**

खै त्यसको बारेमा मलाई जानकारी नै छैन।

**तपाईंलाई सांसद पदबाट हटाउनुपर्‍यो भनेर तपाईंकै पार्टीले सभामुखलाई पत्र पठाएको थाहा छैन ?**

त्यो त समाचार हेरेर थाहा पाएको थिएँ।

**मिडियाबाट भए पनि थाहा पाएपछि नेताहरुलाई सोध्नु भएन ?**

छैन। पार्टीबाट कुनै कुरै आएको छैन। म जिल्लातिरै पार्टीको काममा पनि, आफ्नो काममा पनि थिएँ। समाचार देखेपछि के रहेछ भनेर बुझ्न हिजोमात्र काठमाडौं आको।

**खबर बुझ्न भ्याउनु भएको छैन यसको मतलव ?**

छैन। केही पनि छैन।

**फोन गर्नुभएन नेताहरुलाई ?**

छैन। कसैलाई फोन गरेको पनि छैन।

**यो ठूलो कुरा होइन भन्ने लागेर तपाईंले मतलवै नगरेको कि अरु कुनै कारण छ ?**

कारबाही गर्न त मैले गल्ती गर्नुपर्‍यो नि। पार्टीले मलाई किन त्यस्तो गर्न खोज्दैछ त्यसको बारेमा पनि मलाई जानकारी छैन। म त पार्टीको हितका लागि काम गरिरहेको छु। अझै राम्रो गर्ने कोसिस गरिरहेको छु। उहाँहरुले त्यो कुरा बुझ्नुपर्ने हो।

**अनुशासन विपरीत काम गरेको भनेर तपाईंमाथि आरोप रहेछ नि ?**

मैले अनुशासन विपरीत, पार्टीको अहित हुने काम त केही पनि गरेको जस्तो लाग्दैन। मलाई पत्र पठाउनु भएको पनि छैन। संसद सचिवालयमा पठाएको पत्रमा पनि मेरोबारेमा के लेखिएको छ भन्नेबारे समेत जानकारी छैन।

**अनि पार्टीले किन त्यस्तो आरोप लगाएको होला ?**

मैले केही नगर्दा पनि पटकपटक झुठो आरोप लगाइराख्नु भएको छ। आरोप लगाउँदाखेरि पुष्टि पनि त गर्नुपर्‍यो। मैले त फेरि केही गरेकै छैन। मैले गल्ती गरेको पुष्टि भए त सुरुमै पदबाट हटिसक्थें होला। गल्ती नगरेको, गल्ती नदेखिएको कारणले होला नि त चार–चार पटक पत्र पठाउनुपरेको। गल्ती गरेको भए त एकचोटीमै कारबाही भइसक्थ्यो नि त।

**तर पनि तपाईं चुप लागेर बसेको जस्तो देखिन्छ। आफूमाथि लगाइएका आरोपको किन प्रतिवाद नगर्नुभएको ?**

उहाँहरुले मलाई कारबाहीको जानकारी गराउनुपर्थ्यो नि त। पार्टीले मलाई बोलाएर एकपटक सोधेको पनि छैन के।

**सभामुखसँग केही छलफल, सोधपुछ भयो कि भएन ?**

त्यहाँबाट पनि छैन। संसद नचलेको बेलामा जिल्ला गएको थिएँ। भर्खर फर्किएर आएको छु। अब बुझ्नुपर्ला।

**तपाईंलाई पार्टीले स्पष्टीकरण सोधेको थियो नि। चार–चारपटक कारबाहीको पत्र संसद सचिवालयमा पनि पुग्यो। तर तपाईंले योबारेमा थाहै छैन भन्नुहुन्छ। कसरी पत्याउने ?**

स्पष्टीकरण त सोधेको थियो। त्यसमा ममाथि जति आरोप लगाइएका थिए। ती सबै झुठा थिए। मैले गर्दै नगरेका कुरा पनि थिए। त्यसको जवाफ लगाएको हुँ। तर पनि उहाँहरुलाई किन सन्तुष्टि मिलेको छैन भन्ने कुरा चाहिँ मैले बुझ्न सकेको छैन।

**झुठो आरोप लगाइएको हो भने यो कुरा त आफ्ना मतदातालाई जानकारी दिनुपर्छ, सार्वजनिक रुपमा स्पष्ट पार्नुपर्छ भन्ने लागेन ?**

गल्ती मैले गरेकै छैन भनेर किन सार्वजनिक रुपमा बोल्नु भनेर नबोलेको हुँ। उहाँहरुले लगाएका आरोप प्रमाणित गर्नुहुन्छ भने ठिकै छ, कारबाही भोग्न तयार छु।

# जाडोमा चाया पर्ने समस्याबाट कसरी जोगिने ?

**डा. सुयोग मैनाली**
वरिष्ठ प्लास्टिक कस्मेटिक तथा लेजर सर्जन

चाया पर्ने समस्याले धेरैलाई सताएको हुन्छ। तुलनात्मक रुपमा बढी जाडोयाममा चायाले सताउँछ। किनभने बदलिंदो मौसम र हावाका कारण कपालमा नमी घट्छ। जसकारण टाउको सुक्खा हुन थाल्छ र कपालमा चाया पर्ने समस्या बढ्न सक्छ। साथै, जाडोयाममा मालासेजिया नामको फङ्गस पनि धेरै हुन्छ, जसकारण कपालमा चाया पर्ने समस्या हुन्छ। जब सुक्खा र चिसो हावा कपालको जरासम्म पुग्छ, हाम्रो टाउकोको छाला जहाँबाट कपालको जरा सुरु हुन्छ। त्यसमा सुक्खापन तथा पत्र भएको चाया उत्पन्न हुन्छ र त्यो चिलाउन थाल्छ। चायाका पत्र जब हाम्रो काँध र लुगामा खस्छ।

**चाया पर्ने कारण**

टाउकोमा रहेको बाहिरी छालाका कोष मर्ने र नयाँ पलाउने क्रम चलिरहन्छ। जसले मानिसको टाउकोमा सेतो मसिना फुस्रो दाग तथा कणहरू देखा पर्छन्, जसलाई चाया भनिन्छ। चाया पर्नुको कारण कपालको सफाइमा ध्यान नदिनु पनि हो। शरीरमा हुने हर्मोन परिवर्तन र वंशाणुगत गुणले पनि चाया पर्ने हुन्छ। विभिन्न रोग, अखाद्य वस्तुको सेवन तथा कपालमा केमिकलको प्रयोग गर्दा पनि टाउकोमा चाया पर्ने हुन्छ। साथै अत्यधिक तनाव लिने, शारीरिक थकानको काम गर्ने र केही एलर्जीले समेत चाया पर्छ।

कपालमा तेल धेरै हुँदा पनि चाया पर्छ। फङ्गस, लामो समयसम्म ननुहाउने, घाममा धेरै बस्ने, टाउकोमा धेरै पसिना आउने भएमा, टाउकोलाई गुम्स्याएर राख्दा, चाया परेको व्यक्तिको कपाल कोर्ने ब्रस तथा काइँयो प्रयोग गर्दा पनि चाया पर्छ। कपालमा विभिन्न रसायन तथा विद्युतीय उपकरणको अत्यधिक प्रयोग गर्दा पनि चाया पर्छ।

**बच्ने उपाय**

कपालमा चाया पर्ने समस्याबाट बच्न नियमित कपालको सरसफाइमा ध्यान दिनुपर्छ। टाउको कम्तीमा हप्तामा तीन पटक नुहाउनुपर्छ। राम्रो खालको स्याम्पुको प्रयोग गनुपर्छ र धेरै स्याम्पु परिवर्तन गर्नु हुँदैन। चाया चिल्लोपन बढी भएको ठाउँमा फस्टाउने हुँदा बढी चिल्लो आउने कपालमा तेल हाल्न कम गर्नुपर्छ। चाया परेको बेलामा कपालमा तेल लगाउनै हुँदैन र कपालको सरसफाइमा ध्यान दिनुपर्छ। चायाबाट बच्न अत्यधिक धुलोधुवाँ भएको वातावरणबाट जोगिनुपर्छ। यदि त्यस्तो वातावरणमा हिंड्नैपर्ने भए टाउको तथा शरीर पूरा ढाकिने कपडा लगाउनुपर्छ। बजारमा पाइने एन्टी डैन्ड्रफ स्याम्पुले कपाल धुँदा समेत चायाको समस्या धेरै हदसम्म हराउँछ। विश्वासिलो कम्पनीको चायाविरुद्र उपयोग गरिने स्याम्पु फाइदाजनक हुन सक्छ।

चाया परेको व्यक्तिले प्रयोग गर्ने काइयो, तौलीया, हेलमेट अरूले प्रयोग गर्नु हुँदैन। यसो गरेमा चाया एकबाट अर्कोमा सर्दै जान्छ। हेलमेट समय सयमा धोइराख्ने गर्दा धेरै फाइदा हुन्छ। चाया विरुद्रको स्याम्पु नियमित रूपमा चार–पाँच सातासम्म लगाउँदा पनि समस्या समाधान नभए वा बढ्दै गए छाला रोग विशेषज्ञको सल्लाह लिनु आवश्यक हुन्छ। चायाका कारण चिलाएको ठाउँ रातो देखिन गई त्यहाँको छाला जान थालेको अवस्थामा तुरुन्त अस्पताल गई गरी परीक्षण र उपचार गर्नुपर्छ।

# दश वर्षमा कति रुपैयाँले बढ्यो कफीको मूल्य ?



काठमाडौं, ४ मंसिर। नेपाली कफीको मूल्य दश वर्षमा २० देखि १४७ रुपैयाँले वृद्धि भएको छ। राष्ट्रिय चिया तथा कफी विकास बोर्डका अनुसार दश वर्ष (२०७२ देखि २०८१) मा प्रतिकिलो कफीको मूल्य २० देखि १४७ रुपैयाँले वृद्धि भएको छ। बोर्डले किसानबाट खरिद गर्ने कफीको मूल्य निर्धारण गर्दै आएको छ। सोको आधार १० वर्षमा प्रतिकिलो २० देखि १४७ रुपैयाँले वृद्धि भएको हो। बोर्डका अनुसार फ्रेश चेरी ए ग्रेडको २०७२ सालमा ८० रुपैयाँ प्रतिकिलो थियो। २०८१ सालमा दश वर्षपछि २५ रुपैयाँले वृद्धि भएर १०५ रुपैयाँ प्रतिकिलो पुगेको छ।

यस्तै, फ्रेश चेरी बी ग्रेडको दशक अघि ७५ रुपैयाँ प्रतिकिलो निर्धारण गरिएको थियो। यो वर्ष ९५ रुपैयाँ निर्धारण गरिएको छ। फ्रेश चेरी बी ग्रेडको दश वर्षमा २० रुपैयाँले बढेको छ। यस्तै, पार्चमेन्ट ए ग्रेडको कफीको मूल्य प्रतिकिलो ४ सय थियो भने यो वर्ष ५ सय ३५ रुपैयाँ प्रतिकिलो निर्धारण गरिएको छ। यो कफीको मूल्य १३५ रुपैयाँले वृद्धि भएको छ। यस्तै, यही कफी बी ग्रेडको पहिला ३७५ रुपैयाँ प्रतिकिलो थियो भने, अहिले ४८२ रुपैयाँ पुगेको छ। १०७ रुपैयाँले वृद्धि भएको छ।

यस्तै, ड्राईचेरी ए ग्रेड कफीको मूल्य दश वर्ष पहिला १४० रुपैयाँ प्रतिकिलो थियो भने, अहिले २८० रुपैयाँ निर्धारण गरिएको छ। यो कफीको मूल्य प्रतिकिलो १४० रुपैयाँले वृद्धि भएको बोर्डले जनाएको छ। यही कफी बी ग्रेडको एक सय रुपैयाँ प्रतिकिलो पर्ने अहिले २४७ रुपैयाँ प्रतिकिलो पुगेको छ। दश वर्षमा प्रतिकिलो १४७ रुपैयाँले वृद्धि भएको बोर्डले जनाएको छ।

## *कसले नाप्ने ...*

सामुदायिक शैक्षिक संस्थाहरूमा गुणस्तरीय शिक्षा सिकाइ हुँदैन भन्ने भाष्य बनाइएको छ। यो अत्यन्तै त्रुटिपूर्ण र भविष्यका लागि खतरायुक्त छ।

गुणस्तर भनेको जीवन जिउने कला, सीप, समस्या समाधान गर्न सक्ने दक्षता, आर्थिक उपार्जन गर्न सक्ने क्षमता, असल सामाजिक व्यवहार गर्न सक्ने शैली, परिवार, समाज र देशलाई योगदान गर्नुपर्ने दायित्वबोधको विकास हुनु हो। त्यस्तो क्षेत्रमा निजी वा सामुदायिक कुन शैक्षिक संस्थामा अध्ययन गरेका विद्यार्थीहरू अगाडि छन्, त्यसको अध्ययन, अनुसन्धान गर्नु आवश्यक छ। तबमात्र सामुदायिक शिक्षाको वास्तविक गुणस्तर मापन हुन सक्छ।

मैले पढाउने सामुदायिक विद्यालयमा पढ्दै गरेकी एउटी छात्राले २०६६ को एसएलसीमा उत्कृष्ट (९१५ भन्दा बढी) अंक ल्याएर विद्यालयमा प्रथम छात्रा बनिन्। नाम चलेको एक निजी प्लस टु विद्यालयले उनलाई दुई वर्ष निःशुल्क पढाइदिने भयो। हामीले चिकित्सा क्षेत्रमा जानेगरी पढ्न प्रोत्साहित गर्‍यौं। प्लस टुमा उनको पढाइ उत्कृष्ट नै देखियो। एमबीबीएस अध्ययनको तयारीका लागि सुझाव दियौं। तर उनले भनिन्, 'छात्रवृत्तिमै मैले नाम निकाले पनि मेरो बुबाले एमबीबीएस पढाउन सक्नु हुन्न। मैले त अब काम गर्दै पढ्नुपर्छ। दाइ पनि एसएलसीपछि काम गर्दै पढ्दै छ। आमा हुनुहुन्न। म अब सरकारी क्याम्पसमा त्यहींको राम्रो विषय पढ्दै, काम गर्दै परिवारलाई सहयोग गर्छु।' पारिवारिक अवस्थाको विश्लेषण गरेर आत्मनिर्भर हुँदै भविष्य निर्माण गर्ने क्षमता राख्ने त्यस्ता विद्यार्थी उत्पादन गर्ने सामुदायिक शैक्षिक संस्थाको गुणस्तर कसरी कमजोर मान्न सकिन्छ ?

विद्यालयबाट घर फर्कँदै गर्दा मेरो एक विद्यार्थी आमाले चलाएको तरकारी पसलमा बसिसकेका थिए। उनको अगाडि गृहकार्य गर्ने कापी पनि थियो। मैले सोधें, 'बाबु, आमा खोइ ? तिमी त अघि नै आएर पसलमा बसिसकेछौ त ?' उनले भने, 'आमा लुगा धुन जानुभयो अनि म पसलमा बसेको।' ग्राहक आए, उनी तरकारी बेच्न थाले। जब म घर पुगें। पल्लो घरको दिदीले 'बाबु खाजा खान आइस्यो न' भन्दै आफ्नो छोरालाई बारम्बार बोलाइरहेको सुनें। तरकारी पसलको बालककै हाराहारी उमेरको छिमेकी बालक स्कुल बसबाट उत्रिएर विद्यालय पोसाकसमेत नफेरी कौसीको कुनामा कुप्रो परेर बसिरहेको थियो। सायद ऊ मोबाइलमा गेम खेल्दै थियो। आमाको आवाज सुन्नसमेत चाहिरहेको थिएन। यसबेला मेरा आँखा डबडबाए। मनमा प्रश्न उठे, 'मैले पढाउने गरेको सामुदायिक विद्यालयको गुणस्तर कसले नाप्ला ? कहिले नाप्ला ? र, कसरी नाप्ला ?'

सामुदायिक विद्यालयका विद्यार्थी देशभित्रै सम्भावनाको खोजी गर्छन्। अरब, खाडी मुलुकतिर गएका छन् भने पनि उतैबाट देशलाई माया गर्छन्। कमाएको पैसा देशमै पठाई अर्थतन्त्रलाई सहयोग पुर्‍याउँछन्। श्रमप्रति विश्वास गर्छन्, आस्था राख्छन्। देशलाई गाली गरेर परिवार र आफन्त छाडेर पैत्रिक सम्पत्ति बेचेर विदेश पलायन हुँदैनन्। यो सामुदायिक विद्यालयले कायम गरेको गुणस्तर होइन र ?– *प्रेती बानेश्वरस्थित रत्नराज्य माविकी सहायक प्रधानाध्यापक हुन्।*

## *असई विक...*

२०७२ सालको मधेस आन्दोलनको वेला झडपमा परी जलेश्वरमा घाइते भएका उनलाई उपचारका लागि जनकपुर लैजाने क्रममा बाटोमा एम्बुलेन्सबाट थुतेर हत्या गरिएको थियो। उनको हत्यामा चौधरीको पनि संलग्नता रहेको भन्दै अदालतमा मुद्दा परेको थियो। अदालतमा मुद्दा परेपछि चौधरी फरार रहेका थिए। सोमबार पक्राउ परेका चौधरीलाई थप अनुसन्धानका लागि आज अदालतमा उपस्थित गराइएको प्रवक्ता डिएसपी जयसवारले बताए।

विक हत्यामा संलग्न रहेको भन्दै जिल्ला अदालत महोत्तरीले लोकतान्त्रिक समाजवादी पार्टी ( लोसपा) का प्रदेशसभा एवं संसदीय दलका नेता अभिराम शर्मासहित सात जनालाई जन्मकैदको सजाय सुनाएको छ। अदालतको फैसला आएसँगै लोसपाका नेता शर्मा फरार छन् भने एमालेबाट निर्वाचित संसद् लक्ष्मी महतो कोइरी र पुर्पक्षका लागि थुनामा रहेका पवन कापरलाई अदालतले सफाइ दिएको थियो। यसअघि यहीँ मुद्दामा पक्राउ परेका पूर्वसभासद कौशलकुमार यादवलाई जिल्ला अदालत महोत्तरीले पुर्पक्षको लागि जलेश्वर कारागारमा पठाइएको छ।

# एक महिनाभित्रै औषधीको मुल्य समायोजन गर्छौं : स्वास्थ्यमन्त्री पौडेल

काठमाडौं, ४ मंसिर। स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदिप पौडेलले एक महिनाभित्रै सबै प्रकारका औषधीको मुल्य समायोजन गरिने बताउनुभएको छ। पर्वत अस्पतालको निरिक्षण तथा डिजिटलाईजेशन उद्राटन समारोहलाई मंगलवार सम्वोधन गर्दै मन्त्री पौडेलले औषधीमा फार्मेसी व्यावसायी र कम्पनीवाट भइरहेको मनोमानी अन्त्य गर्नका लागि मुल्य समायोजन गर्न थालिएको बताउनुभयो। सरकारले मुल्य समायोजन गरेपछि सोही मुल्यसूचीका आधारमा मुलुकभर औषधीहरु खरिद बिक्री हुने र बिरामीहरु ठगिन नपर्ने उनको भनाइ छ। उहाँले औषधीको मुल्य समायोजनको कार्य अन्तिम चरणमा पुगेको बताए।

मन्त्री पौडेलले नागरिकलाई सर्वसुलभ रुपमा गुणस्तरीय स्वास्थ्य सुविधा उपलव्ध गराउन सरकार प्रतिवद्ध रहेको बताउनुभयो। विपन्न र असहाय नागरिकले पनि सहज रुपमा सवैखाले स्वास्थ्य सुविधा उपभोग गर्न सकुन् र उपचारको अभावमा कसैले पनि अकालमा मृत्युवरण गर्न नपरोस भन्ने उद्देश्यले स्वास्थ्य क्षेत्रको सुधारका काम भइरहेको उनको भनाइ छ। मन्त्री पौडेलले तत्कालीन स्वास्थ्य मन्त्री गगन थापाको पालामा शुरु भएको स्वास्थ्य बिमा कार्यक्रमलाई परिमार्जन गर्ने तयारी भइरहेको बताए। तत्कालीन अवस्थामा एक लाख रुपैयाँको स्वास्थ्य बिमा रहेकोमा अब यसलाई बढाएर रु. पाँच लाख पुर्‍याउने योजना रहेको बताए।

उनले यसका लागि रोजगारीमा आवद्ध कर्मचारीहरुवाट मासिक तलबको २ प्रतिशत स्वास्थ्य बिमा कोषमा जम्मा गर्ने व्यवस्था गरिने पनि बताए। यसवाट पैसा नभएकाहरुको पनि उपचार गर्न सहज हुने उहाँको भनाइ छ। सरकारले उठाउने सबैखाले करमा पनि शुन्य दशमलब पाँच प्रतिशत बिमा कोषमा जाने व्यवस्था गरिनुपर्ने भन्दै अहिले उठ्ने स्वास्थ्य बिमा करलाई तेब्बर बनाउनुपर्ने बताए।

मन्त्री पौडेलले मुलुकभरीका १६ लाख किशोरीहरुलाई पाठेघरको क्यान्सर विरुद्धको खोप लगाउने व्यवस्था गरिएको बताउँदै अहिले खोप भण्डारणको काम भइरहेको बताए। त्यस्तै १४ वर्ष मुनिका बालबालिकाको क्यान्सरको निशुल्क उपचार गरिने जस्ता कार्यक्रमले धेरै लाभान्वित भएको बताए। अर्को प्रसंगमा मन्त्री पौडेलले श्रोतको अभावका कारण स्वास्थ्य क्षेत्रलाई चाहे अनुरुप विकास गर्न नसकिएको बताए। उनले श्रोतको व्यवस्थापन गरेर स्वास्थ्य क्षेत्रलाई गुणस्तरीय र सर्वसुलभ बनाउँदै लजाने योजना समेत सुनाए।

सो अवसरमा पर्वत अस्पताल विकास समितिका अध्यक्ष शंकर गिरीले अस्पतालको सुधारका लागि आवश्यक विभिन्न कुराहरु समेटिएको मागपत्र पेश गरेको छ। मन्त्री पौडेलले मागपत्र बुझ्दै पर्वत अस्पतालको विकास र गुणस्तरीय सेवा प्रवाहका लागि आवश्यक सहयोग गर्ने प्रतिवद्धता जनाए।

# अयोध्यामा तिलकोत्सव समारोह




**लक्ष्मी चौधरी**

जनकपुर, ४ मंसिर। त्रेता युगमा भगवान् राम र सीताको विवाहलाई स्मरण गर्दै जनकपुरधाममा मनाइने साताव्यापी विवाह पञ्चमी महामहोत्सवको तिलकोत्सव समारोह अयोध्याधाममा सम्पन्न भएको छ। सोमबार मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंह तथा राम जन्मभूमि तीर्थ क्षेत्रका महासचिव चम्पत रायको उपस्थितिमा भारतको उत्तर प्रदेशस्थित राम जन्मभूमि अयोध्याधाममा तिलकोत्सव समारोह सम्पन्न भएको हो। राम र सीताको विवाहसँग जोडिएको महत्त्वपूर्ण धार्मिक तथा संस्कृति कार्यका रूपमा तिलकोत्सव समारोहलाई लिने गरिन्छ।

विश्व हिन्दु परिषद् नेपालको नेतृत्वमा मुख्यमन्त्री सिंहसहितको टोली सीताको माइती अर्थात् नेपालको जनकपुरधामबाट आइतबार तिलकोत्सवको कोसेलीसहितको निमन्त्रणा लिएर अयोध्या प्रस्थान गरेका थिए। अयोध्याधाममा आयोजित तिलकोत्सव समारोहकाबिच मधेशका मुख्यमन्त्री सिंहले जनकपुरधाममा हुने सप्ताहव्यापी विवाह पञ्चमीमा महोत्सवमा सहभागीको आमन्त्रणसमेत गर्नुभयो। उहाँले राम र सीताको विवाहले दुई राष्ट्रबिचको सम्बन्ध त्रेता युगदेखि कायम रहेको हुँदा उक्त सम्बन्धलाई अझ प्रगाढ बनाउन जनकपुरधाममा अयोजना हुने साताव्यापी विवाह महोत्सवमा सहभागी हुन राम जन्मभूमिका महासचिव चम्पत रायसहितलाई आग्रहसमेत गर्नुभयो। मुख्यमन्त्रीले भन्नुभयो, “सीताबिना राम अधुरा।”

यस्तै राम जन्मभूमिका महासचिव चम्पत रायले पूर्वजले निरन्तरता दिँदै आएको परम्परालाई हामीले पनि निरन्तरता दिँदै रामसीताको विवाहको स्मरणमा मनाइने विवाह पञ्चमी महोत्सव भव्यताका साथ मनाउने बताउनुभयो। उहाँले मुख्यमन्त्री सिंहको आमन्त्रणलाई स्वीकार गर्दै भन्नुभयो, “जनकपुरधामको विवाह पञ्चमी महोत्सवमा जन्तीका रूपमा सहभागी हुन अयोध्याबाट आउने छौं।”

तिलकोत्सव समारोहमा नेपालबाट प्रदेश सरकारका स्वास्थ्य तथा जनसंख्यामन्त्री शत्रुधनप्रसाद सिंह, गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखी, उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री मोहम्मद सकिल अलि मियाँ, वन तथा वातावरणमन्त्री त्रिभुवन साह, श्रम तथा यातायातमन्त्री कौशलकिशोर राय, जनकपुरधामका प्रमुख मनोजकुमार साह, विश्व हिन्दु परिषद् नेपालका पदाधिकारीसहितको सहभागिता रहेको थियो भने अयोध्याबाट आयोध्याधाम नगर निगमका महापौण गिरीशपति त्रिपाठी र वावन मन्दिरका महन्त विदेही बल्लभशरणसहितको उपस्थिति रहेको थियो।

# दुर्गा प्रसाईं पक्राउ, प्रधानमन्त्री ओलीविरुद्ध भ्रम फैलाएको आरोप

काठमाडौं, ४ मंसिर। व्यवसायी दुर्गा प्रसाईं पक्राउ परेका छन्। साइबर अपराध कसूरमा उनलाई पक्राउ गरिएको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो ( सीआईबी) ले जनाएको छ। कम्बोडियाको स्मार्ट एजियाटा नामक कम्पनीमा नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीको २१ करोड डलर अर्थात् झन्डै ३२ अर्ब नेपाली रुपैयाँ लगानी रहेको भन्दै प्रसाईंले हिजो बेलुका केही कागजात सार्वजनिक गरेका थिए। देशको प्रधानमन्त्री जस्तो गरिमामय पदमा बसेको व्यक्तिको नाम र हस्ताक्षर कीर्ते गरेर गलत विवरण तयार पारी भ्रम फैलाएको भन्दै सीआईबीको टोलीले प्रसाईंलाई उनको घर भक्तपुरबाटै पक्राउ गरेको हो। प्रसाईंले प्रधानमन्त्री ओलीको नाम र हस्ताक्षरसहित विवरण सार्वजनिक गरे पनि नाम थर र हस्ताक्षर नमिलेकाले उनले गलत विवरण सार्वजनिक गरेर भ्रम फैलाएको आरोप लागेको छ।

ओली सन् २०१९ मा एउटा बिजनेस सम्मेलनमा भाग लिन कम्बोडिया जाँदा त्यहाँको टेलिकम कम्पनीमा शेयर होल्डरको रूपमा ३२ अर्ब नेपाली रुपैयाँ बराबरको लगानी गरेको प्रसाईंको जिकिर छ। साइबर अपराधको कसूरमा पक्राउ परेका प्रसाईंलाई प्रहरीले विभिन्न मुद्दा चलाउने तयारी गरेको छ। उनले प्रधानमन्त्रीकै नाम र हस्ताक्षर कीर्ते गरेको प्रहरीले जनाएको छ। मुलुकी अपराध संहिताअनुसार सरकारी वा सार्वजनिक लिखत कीर्ते गर्नेलाई सात वर्षसम्म कैद र ७० हजार रुपैयाँसम्म जरीमाना हुनसक्छ। यस्तै हस्ताक्षर कीर्ते कसुरमा पाँच वर्ष कैद र पाँच हजार रुपैयाँसम्म जरीमाना हुन सक्छ।

# भाइरल ज्वरोको प्रकोप



सर्लाही, ४ मंसिर। सर्लाहीमा केही सातादेखि भाइरल ज्वरो र रुघाखोकीबाट प्रभावित हुनेको संख्या बढ्न थालेको छ। प्रत्येक जसो स्वास्थ्य संस्थामा भाइरल ज्वरोका बिरामीको चाप बढ्दो छ। हरेक जसो घरमा भाइरल ज्वरोका बिरामी भेटिने गरेका छन्।

लालबन्दी नगरपालिका–५, मेजरगन्जका चन्द्रमणि घिमिरेले गाउँका अधिकांशमा भाइरल ज्वरोको प्रकोप देखिएको बताए। उनले भने, “तिहार र छठपछि प्रत्येक घरमा ज्वरोका बिरामी छन् र एकपछि अर्कोलाई ज्वरो सरिरहेको छ।” भाइरल ज्वरोमा शरीर कटकट दुख्ने, असाध्यै कमजोर महसुस हुने र खाना नरुच्ने जस्ता समस्या देखिने घिमिरेले बताए।

कुनै कुनै परिवारमा सबै सदस्य बिरामी परेका छन्। घरमा एक सदस्य बिरामी भएपछि अर्कोमा पनि ज्वरो सरिहाल्ने गरेको नवलपुरस्थित एक क्लिनिकमा भेटिनुभएकी हरिपुर नगरपालिका–१, हजार बिघाकी गृहिणी अम्बिका रुम्बाले बताउनुभयो। यहाँका निजी स्वास्थ्य संस्थामा बिहान र बेलुकाको समयमा ज्वरोको उपचार गर्ने तथा सलाइन पानी चढाउनेको भिड देखिन्छ। कार्यालय समयभित्र खुल्ने सरकारी स्वास्थ्य चौकीमा पनि ज्वरोका बिरामीको चाप बढिरहेकै छ। गर्मी कम भई चिसो बढ्दै जाँदा भाइरल ज्वरो र मौसम परिवर्तनजन्य रोगका बिरामी बढेको सदरमुकाम मलङ्गवा निवासी डाक्टर गुनेश्वर झाले बताए।

उनले भने, “यो समयमा बर्सेनि भाइरल ज्वरोको प्रकोप देखा पर्छ।” डाक्टर झाले चिकित्सकको सल्लाहबमोजिम केही दिन औषधी सेवन गरेपछि यो आफैँ ठिक हुन्छ, आत्तिनु नपर्ने पनि बताउनुभयो। उहाँ भाइरल ज्वरोले बिरामीलाई कमजोर पार्ने भएकाले झोलिलो र शरीरलाई शक्ति प्रदान गर्ने खानेकुरा बढी खान सुझाउनुहुन्छ। भाइरल ज्वरो सरुवा हुने भएकाले बिरामीसँग सुरक्षित भएर बस्न उहाँको आग्रह छ।

# जनकपुरमा कलेज भर्सेज विद्यार्थी आन्दोलन

जनकपुर, ४ मंसिर। छात्रवृति प्राप्त गर्ने विद्यार्थीहरुसँग पनि शुल्क उठाउन पाउने माग राखेर निजी विद्यालयहरुले सोमबारदेखि शिक्षण संस्था बन्द गरेका छन्। त्यस विरुद्ध मंगलबार विद्यार्थीहरुले टायर बालेर प्रदर्शन गरे।

निजी विद्यालयका संगठनहरुले संयुक्त रुपमा आफुहरुको माग सम्बोधन नभएसम्मका लागि भन्दै शिक्षण संस्था बन्द गरेको हो। हिसान, प्याब्सन र एन प्याब्सनले सोमबार बिहान संयुक्त रुपमा सार्वजनिक सूचना जारी गर्दै आफुहरुको मागको सुनुवाई नभएसम्म अनिश्चितकालसम्म विद्यालय बन्द गरेको हो।

जनकपुरधाम नगर क्षेत्रमा सञ्चालित संस्थागत विद्यालयहरुमा छात्रवृति वितरण व्यवस्थापन समितिले गत भदौ १३ गते एउटा निर्णय गरेको थियो। उक्त निर्णय अनुसार छात्रवृतिका लागि सिफारिस भएका विद्यार्थीहरुबाट भर्ना शुल्क, मासिक शुल्क र परीक्षा शुल्क बाहेक अन्य शुल्क लिन पाउने व्यवस्था रहेको संस्थागत विद्यालयहरुको जिकिर छ।

त्यसको भोलीपल्टै अर्थात् भदौ १४ गते फरक किसिमको निर्णय गरेको भन्दै सो अनुसारको शुल्कमा विद्यार्थीलाई पढाउन नसकिने भन्दै संस्थागत विद्यालयहरुले शिक्षण संस्था बन्द गरी आन्दोलनमा उत्रेको हो।

यता, विभिन्न संगठनमा आबद्ध विद्यार्थीहरुले मंगलबार जनकपुर बजार क्षेत्रमा टायर बालेर विरोध प्रदर्शन गरे। उनीहरुले छात्रवृतिका लागि सिफारिस भएका विद्यार्थीहरुसँग कुनै प्रकारको शुल्क लिन नपाउने र अहिलेसम्म लिएको शुल्क समेत फिर्ता गर्नुपर्ने माग राखेका छन्।

# सप्तरीमा १७ क्विन्टल गाँजा बरामद

सप्तरी, ४ मंसिर। सप्तरीको राजगढ गाउँपालिका वडा नम्बर ४ बाट प्रहरीले १७ क्विन्टल १७ किलो गाँजा बरामद गरेको छ। बालुवा र गिट्टीले छोपर टिपरमा भारततर्फ लैजाँदै गरेको अवस्थामा प्रहरीले गाँजा बरामद गरेको हो। प्रहरीले गाँजासहित एक जना तस्करलाई समेत पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रमुख एवम् प्रहरी उपरीक्षक (एसपी) ढकेन्द्र खतिवडाले जानकारी दिए। पछिल्लो समय सप्तरीको विभिन्न सीमावर्ती नाकाहरूमा गाँजा तस्करी फस्टाएको स्थानीयवासीले बताएका छन्।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक**
**कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)